# आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रम

भीमफेदी गाउँपालिका

२०८३

गाउँ सभामा पेशा भएको मिति:२०८३/०३/०९

प्रस्तुत कर्ता

संजिव श्रेष्ठ

उपाध्यक्ष

भीमफेदी गाउँपालिका

CamScanner

# भीमफेदी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम (आ.व. २०८३/०८४)

आजका यस गरिमामय सभाका सभाध्यक्ष ज्यू,

सभाका सदस्यज्यूहरू, सचिवज्यू, राष्ट्रसेवक कर्मचारी तथा अन्य उपस्थित सम्पूर्ण महानुभावहरू।

१. मुलूकले संघीय शासन प्रणाली अङ्गीकार गरेपश्चातको तीन तहको शासकीय व्यवस्था बमोजिम भीमफेदी गाउँपालिकाको गाउँ सभाको तेह्रौं अधिवेशनमा यस गाउँपालिकाको आगामी आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवानुभूति गरिरहेको छु। आजको यस महत्त्वपूर्ण घडीमा लोकतन्त्र प्राप्ति तथा गणतन्त्रको उपलब्धिलाई संरक्षण गर्नका लागि विभिन्न कालखण्डमा भएका नेपाली जनताको बलिदानपूर्ण संघर्ष तथा जनआन्दोलनका क्रममा दिवङ्गत हुनु भएका सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धासुमन प्रकट गर्दै घाइते हुनुभएका सम्पूर्ण योद्धाजनहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

२. स्थानीय सरकार नै संघीयता कार्यान्वियनको प्रमुख एवं अभिन्न अङ्ग भएकोले सबल एवं सक्षम स्थानीय सरकारले नै संघीयता कार्यान्वयनलाई सुदृढ बनाउन सक्दछ। स्थानीय स्रोत-साधनको अधिकतम परिचालन र न्यायोचित वितरण गर्दै नागरिकका नैसर्गिक हक र अधिकार सुनिश्चित गर्नका निमित्त घरदैलोको सरकारको रूपमा रहेको, स्थानीय सरकारको अग्रणी एवं महत्त्वपूर्ण भूमिका रहन्छ। अझ भन्नुपर्दा स्थानीय सरकार प्रत्येक नागरिकको अभिभावक हो, जसले नागरिकलाई आधारभूत, विकासात्मक र सेवामूलक सुविधा उपलब्ध गराउँदछ। स्थानीय सरकार नागरिकले हेर्दा देखिने, छाम्दा भेटिने र बोलाउँदा सुनिने सरकार हो र हुनुपर्दछ।

३. बढ्दो वैदेशिक तथा सार्वजनिक ऋणको भार, तीव्र शहरीकरण, निराशापूर्ण उत्पादन र उत्पादकत्व, उच्च व्यापार घाटा र विश्वव्यापी आर्थिक मन्दी, उच्च मूल्यवृद्धिको असरले मुलूकको अर्थव्यवस्था अपेक्षित गतिमा चलायमान हुन सकेको छैन। जसका कारण मुलुकको



हिदम लामा
अध्यक्ष

आन्तरिक सक्षमताको स्थिति कमजोर हुन गएको छ। सोको प्रतिकूल प्रभाव संघीय र प्रदेश सरकारको आगामी वर्षको बजेटमा परिसकेको छ। यसर्थ यस गाउँपालिकाको आगामी वर्षको बजेटको आकार पनि प्रभावित हुने भएको छ।

४. लोककल्याणकारी राज्य व्यवस्थाको अवधारणा बमोजिम स्थानीय जनताको इच्छा, अपेक्षा, माग, चाहना, हक र अधिकारलाई केन्द्रविन्दुमा राखी जनआकाङ्क्षा र जनभावना प्रतिबिम्बित हुने खालका कार्यक्रम र आयोजना तय गरी सोको प्रभावकारी कार्यान्वयनबाट नागरिकलाई गुणात्मक सन्तुष्टि प्रदान गर्न भीमफेदी गाउँपालिका प्रतिबद्ध छ। यसका लागि सरोकारवाला सबैको साथ र सहयोगको अपेक्षा पनि पालिकाले राखेको छ।

सभाध्यक्ष ज्यू,

अब म चालु आ.व. २०८२/८३ मा यस गाउँपालिकाको तर्फबाट नागरिकहरूको लागि सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरूको संक्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## (क) आर्थिक विकासतर्फः -

५. रैथाने बाली खेती प्रोत्साहनका लागि नगद अनुदान कार्यक्रम अन्तर्गत कोदो खेती गर्ने कृषकहरूलाई कुल रु. ३३,८३,३९४/- (अक्षरेपी तेत्तीस लाख त्रियासी हजार तीन सय चौरानब्बे रुपैयाँ मात्र) प्रोत्साहन रकम उपलब्ध गराइएको छ। यस कार्यक्रमबाट ४३४ जना कृषक परिवारहरू लाभान्वित भएका छन् भने यस कार्यक्रम अनुसार ५५० रोपनी भन्दा बढी क्षेत्रमा कोदो खेती विस्तार भएको छ।

६. 'एक वडा एक कृषि उत्पादन' कार्यक्रम अन्तर्गत भीमफेदी गाउँपालिका वडा नं. ५ मा व्यावसायिक किवी खेती कार्यक्रम सञ्चालन गरिएको छ। यस अन्तर्गत किवीको बिरुवा, सोका



हिरदम लामा

लागि आवश्यक थाङ्का, उत्पादन सामाग्री र कृषि उपकरणहरू वितरण गरिएको छ भने यस कार्यक्रमबाट २२ जना कृषक लाभान्वित भएका छन्।

७. टनेल हाउस निर्माण कार्यक्रम अन्तर्गत कृषकहरूसँगको लागत साझेदारीमा आधुनिक प्रविधिमा आधारित टनेल हाउस निर्माण कार्यक्रम सम्पन्न भएको छ भने यस कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुमा २२ वटा आधुनिक टनेल निर्माण सम्पन्न भएको छ।

८. अगुवा कृषकहरूलाई लक्षित गरी विभिन्न उत्पादनशील तरकारीको बीउ ५० प्रतिशत अनुदानमा वितरण भएको छ। यो कार्यक्रमबाट ९ वटा वडाका गरि ३५० जना कृषक परिवारहरू लाभान्वित भएका छन्।

९. भीमफेदी गाउँपालिका वडा नं. ६ मा गाँजर प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गरिएको छ। यस कार्यक्रम अन्तर्गत कृषकहरूलाई न्यू कोरोडा, सिग्मा, टोकिटा जातका गाँजरको बीउ वितरण भएको छ।

१०. कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग बढाउन, कृषि उत्पादन लागत घटाउन, श्रमको अभाव कम गर्न तथा खेतीपातीलाई छिटो, सहज र प्रभावकारी बनाउन कृषकहरूलाई ४८ थान मिनी टिलर टयाक्टर वितरण गरिएको छ।

११. कृषकहरूको माग अनुसार ५०% अनुदानमा धानको बीउ वितरण गरिएको छ। यसबाट पालिका भित्रका ३५० जना कृषकहरू लाभान्वित भएका छन्।

१२. भीमफेदी गाउँपालिका वडा नं. ७ मा आलुबाली पकेट विकास कार्यक्रम सञ्चालन भएको छ। यस कार्यक्रममा अमूल्य कृषि सहकारी संस्था लि. मा आवद्ध ५१ जना कृषकहरूलाई आलुको बीउ वितरण तथा आलु खेती प्रविधि सम्वन्धी तालिम सञ्चालन भएको छ।

१३. भीमफेदी गाउँपालिका र वडा नं. २, भैंसेमा अवस्थित हाम्रो साना किसान कृषि सहकारी संस्था लि. को साझेदारीमा सुविधा सम्पन्न तरकारी सङ्कलन केन्द्र निर्माण कार्य भइरहेको छ।

हिदम लामा
अध्यक्ष

१४. साना सिँचाइ प्रवर्द्धन कार्यक्रम अन्तर्गत भीमफेदी-७, कोगटे, दमारमा कृषि क्षेत्रको दीगो विकास, उत्पादन वृद्धि तथा जलस्रोतको प्रभावकारी उपयोगका लागि सिँचाइ संरचनाहरू निर्माण र विस्तार भएको छ।

१५. उत्पादनमा आधारित दूधमा प्रोत्साहन अनुदान र दुग्ध उत्पादनमा प्रोत्साहन कार्यक्रम अन्तर्गत रु. १७,४४,०००/- प्रोत्साहन अनुदान रकममा प्रतिलिटर रु. २.९० का दरले पाँचवटा दुग्ध सहकारीमार्फत २३८ जना पशुपालक कृषकहरूलाई हस्तान्तरण गरिएको छ।

१६. भीमफेदी गाउँपालिकाको ५०% अनुदानमा वा बढीमा रु. ५०,०००/- (अक्षेरुपी पचास हजार रुपैयाँ मात्र) रकम नबढ्ने गरी भैंसीपालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत पालिका भित्रका छनौट भएका कृषकहरुलाई १६ वटा माउ भैंसी, वडा नं. ८ ईपा अन्तर्गत ९ वटा माउ भैंसी र वडा नं. ७ अन्तर्गत ५ वटा माउ भैंसी गरी कुल ३० वटा दुधालु मुर्रा क्रस माउ भैंसी खरिद तथा वितरण गरिएको छ, जसबाट ३० जना कृषक लाभग्राहीहरु प्रत्यक्ष लाभान्वित भएका छन्। यसबाट गाउँपालिकामा दैनिक अनुमानित २२० लिटर दुग्ध उत्पादन वृद्धि हुने प्रक्षेपण गरिएको छ।

१७. पशुपन्छी खोप कार्यक्रम अन्तर्गत भीमफेदी गाउँपालिका क्षेत्रभित्र निःशुल्क रूपमा पी.पी.आर. रोगविरुद्ध करिब २२,००० बाख्रामा, लम्पी स्किन रोगविरुद्ध १,९८९ गाईभैंसीमा, खोरेतविरुद्ध करिब १,५०० गाईभैंसीमा र रेबिज रोगविरुद्ध २५० कुकूरमा खोप लगाइएको छ। यस महामारी नियन्त्रण कार्यक्रमबाट विभिन्न संक्रामक रोगहरूको सफल रोकथाम र नियन्त्रण हुने अपेक्षा लिइएको छ।

१८. घुम्ती पशु स्वास्थ्य शिविर अन्तर्गत भीमफेदी गाउँपालिका वडा नं. १, २, ८ र ९ मा सञ्चालित निःशुल्क शिविरबाट करिब १५० घरधुरी लाभान्वित भएका छन्। यस जनचेतना तथा उपचार शिविरबाट पशुहरूको स्वास्थ्य अवस्थामा उल्लेखनीय सुधार भई उत्पादनमा वृद्धि हुने देखिएको छ।

१९. परजीवी विरुद्ध निःशुल्क औषधी वितरण कार्यक्रमको निरन्तरता अन्तर्गत भीमफेदी गाउँपालिकामा निःशुल्क रूपमा परजीवी विरुद्ध औषधी वितरण गर्दा करिब १,१०० घरधुरी लाभान्वित भएका छन्, जसबाट पशुचौपायाको स्वास्थ्य सबलीकरण तथा उत्पादनमा प्रभावकारी वृद्धि भएको छ।

२०. निःशुल्क कृत्रिम गर्भाधान कार्यको निरन्तरता (ए.आई. प्राविधिकहरूलाई प्रोत्साहन) कार्यक्रम अन्तर्गत ७०० वटा गाईभैंसीमा प्रजनन तथा नश्ल सुधारका लागि निःशुल्क रूपमा कृत्रिम गर्भाधान कार्य सम्पन्न गरिएको छ।

२१. सेवा प्रवाहका लागि आवश्यक सामग्री खरिद कार्यक्रम अन्तर्गत ९०० जना कृषकका पशुचौपायामा देखापरेको स्वास्थ्य समस्या बमोजिम निःशुल्क औषधी उपचार तथा स्वास्थ्य परामर्श सेवा उपलब्ध गराइएको छ।

२२. भीमफेदी गाउँपालिकाका स्थानीय बासिन्दाहरूलाई उद्यमशीलता विकास मार्फत स्वरोजगार बनाउने उद्देश्य अनुरूप उद्यम विकास शाखा मार्फत सञ्चालित स्तरोन्नति खरायो पालन, प्रविधि हस्तान्तरण, नर्सरी तथा बेमौसमी तरकारी खेती तालिम, बुके बनाउने तालिम, ६५ दिने बारिस्टा सीप विकास तालिम, उद्यमशीलता विकास तालिम, वित्तीय साक्षरता तथा बजारीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम र सामाजिक परिचालन अन्तर्गतका कार्यक्रमहरूबाट चालु आर्थिक वर्षमा मात्रै ६० जना व्यक्ति स्वरोजगार भएका छन्। यसैगरी, अघिल्लो आर्थिक वर्षमा तालिम प्राप्त गरेका उद्यमीहरूलाई उद्यम व्यवसायमा दिगोपना कायम गर्न पुनर्ताजगी तालिम प्रदान गरिएको छ।

२३. चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्म ५ वटा नयाँ व्यवसाय दर्ता भएको र त्यसमध्ये १ खारेज भएको छ। प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ बमोजिम यस गाउँपालिकामा दर्ता हुने व्यावसायिक फर्मको कुल संख्या १०३ पुगेको छ।

२४. आ.व. २०८२/०८३ मा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई वडा नं १, वडा नं ५ र वडा नं ७ मा आयोजना सञ्चालन गरी रोजगारी उपलब्ध गराइएको छ।



हिदम लामा
अध्यक्ष

२५. आ.व. २०८३/०८४ को लागि बेरोजगार व्यक्ति सूचीकरणका लागि आवेदन सङ्कलन तथा दर्ता सम्बन्धी कार्यहरू भइसकेको छ।

२६. यस आ.व. ०८२।८३ मा यस पालिका भित्रका अनौपचारिक क्षेत्रका श्रमिकहरु तथा महिला स्वास्थ्य स्वयमसेविकाहरु समेत गरि कुल ११७ जना श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको छ भने यस पालिकाबाट सामाजिक सुरक्षा कोषमा आवद्ध हुने श्रमिक संख्या ३११ जना पुगेको छ। उल्लेखित श्रमिकहरूको लागि आवश्यक रकम मासिक रूपमा कोषमा रकम जम्मा गर्ने व्यवस्था मिलाइएको छ।

२७. सामाजिक सुरक्षा कोषमा आबद्ध अनौपचारिक क्षेत्रका श्रमिकहरूको KYC अद्यावधिक गर्न सहजीकरण गरिएको छ।

२८. वैदेशिक रोजगारीमा गई बिरामी भएका कामदारलाई आर्थिक सहायताका लागि सहजीकरण गरिएको छ।

२९. वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका कामदारका सन्ततिहरूलाई छात्रवृत्ति सहायता उपलव्ध गराउन आवश्यक सहजीकरण गरिएको छ।

३०. अनौपचारिक क्षेत्रका श्रमिकहरूको सामाजिक सुरक्षा कोषको विवरण निम्नानुसार रहेको छः

- सामाजिक सुरक्षा कोषमा जम्मा ३११ जना श्रमिक आवद्ध भएका छन्।
- सामाजिक सुरक्षा कोषमा नियमित रकम जम्मा गर्ने श्रमिकहरूको संख्या २६४ जना पुगेको छ।
- सामाजिक सुरक्षा कोषमा आवद्ध भएर रकम जम्मा नगर्नेको संख्या ४७ जना रहेको छ।
- अनौपचारिक क्षेत्रका श्रमिकहरूको तर्फबाट सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकम रु. ४२,५३,१००.९८ पुगेको छ।

हिदम लामा
अध्यक्ष

- गाउँपालिकाको तर्फबाट सामाजिक सुरक्षा कोषमा थप गरिएको योगदान रकम रु. ३६,५०,३३६.३९ पुगेको छ।
- सामाजिक सुरक्षा कोषमा जम्मा भएको कुल रकम ब्याज सहित रु. ७९,३६,३५८.३८ पुगेको छ।
- अनौपचारिक क्षेत्रका श्रमिकहरूले पाएका सेवा सुविधाहरू तपसिल बमोजिम रहेको छः

  १. स्वास्थ्य उपचारतर्फ : ४४ जना (अप्रेशन ६ जना र प्रसूति २ जना समेत)

  २. सुत्केरी भत्ता तर्फ : ४ जना

  ३. सेवा सुविधा लिने श्रमिकहरूको कुल संख्या : ५२ जना

## (ख) सामाजिक विकासतर्फः -

३१. गाउँपालिकाले विद्यालयहरूको परीक्षा नतिजा विश्लेषण गरी शैक्षिक गुणस्तर सुधार गर्न प्रधानाध्यापक, शिक्षक, अभिभावक, शिक्षा समिति र वि.व्य.स.का पदाधिकारी लगायत सरोकारवालाहरू बीच नियमित समीक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ। चालु आ.व. २०८२/०८३ मा ९ पटक प्र.अ. बैठक, ३ पटक वि.व्य.स. अध्यक्षहरुसंगको बैठक, ८ पटक शिक्षा समितिको बैठक, सम्पूर्ण विद्यालयका ईमिस फोकल शिक्षकलाई २ पटक ईमिस तालिम, दिवाखाजा फोकल शिक्षहरूलाई दिवा खाजा व्यवस्थापन सम्वन्धी तालिम, प्रधानाध्यापक र वि.व्य.स. पदाधिकारीबीच अन्तर्क्रियात्म कार्यक्रम, शैक्षिक समीक्षा, गोष्ठी र सेमिनारहरू सञ्चालन गरी ४६ वटा विद्यालयहरूका १३० जना भन्दा बढी सहभागीहरूको माध्यमबाट भीमफेदी गाउँपालिकाका ३ हजार ८ सय ३५ जना विद्यार्थीहरूमा सकारात्मक प्रभाव भई लाभान्वित भएका छन्।

३२. विद्यालयहरूमा सूचना प्रविधिको पहुँच पुर्‍याउन कम्प्यूटर र प्रिन्टर नभएका ८ वटा विद्यालयहरूमा आ.व. २०८२/०८३ मा कम्प्यूटर र प्रिन्टरको प्रवन्ध मिलाएको छ। साथै,

सबै माध्यामिक विद्यालय र धेरैजसो आधारभूत विद्यालयहरूमा न्यूनतम सूचना प्रविधिका सामाग्री, विज्ञान प्रयोगात्मक ल्याब स्थापना र इन्टरनेट जडान गरि सकिएको छ ।

.३३. भूकम्प तथा पुराना जीर्ण भवनहरूको पुनर्निर्माण गर्दै विद्यालयहरूलाई अपाङ्गतामैत्री, बालमैत्री र सुरक्षित बनाउने योजना कार्यान्वयन गरेको छ। यस अन्तर्गत यस आ.व. मा पोखरी प्राथमिक विद्यालयको सुविधा सम्पन्न अधुनिक भवन निर्माण सम्पन्न भएको छ भने अन्य विद्यालयमा भौतिक मर्मत र सुधारका कार्यहरू भएका छन्।

३४. गाउँपालिका भित्रको इतिहास, संस्कृति, भूगोल र मौलिकता झल्कने गरी स्थानीय पाठ्यक्रम निर्माण गरी कक्षा १-५ सम्म सबै विद्यालयहरूमा लागू गरिएको छ।

३५. बालविकास (ECD) देखि कक्षा ८ सम्मका विद्यार्थीहरूका लागि पोषणयुक्त दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ, जसले विद्यार्थी भर्ना र टिकाउ दर वढाउन सहयोग पुऱ्याएको छ। यसबाट भीमफेदी गाउँपालिकाका बाल विकास देखि कक्षा ८ सम्मका वालबालिकाहरु लाभान्वित भएका छन् ।

३६. "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने नारालाई आत्मसाथ गर्दै खेलकुद क्षेत्रको विकासका लागि गाउँपालिकाले विद्यालय तहदेखि नै खेलाडीहरूको पहिचान र विकासका लागि वार्षिक रूपमा गाउँपालिका राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताहरू भव्य रूपमा आयोजना गर्रिदै आएको छ ।

३७. स्थानीय क्लवहरू, विद्यालय र खेलाडी समूहहरूलाई प्रोत्साहन गर्न शिक्षा, युवा तथा खेलकुद शाखामार्फत वार्षिक रूपमा खेलकुद सामग्री (जस्तैः फुटबल, भलिबल, नेट आदि) वितरण गर्ने गरिएको छ ।

३८. स्थानीय स्तरका युवाहरूलाई क्रियाशील बनाउँदै खेलकुद, सरसफाई लगायतका कार्यमा सक्रीय बनाउँदै खेलाडीहरूलाई प्रोत्साहन र सम्मान गर्ने कार्य पालिकाले गरेको छ ।

३९. भीमफेदी गाउँपालिकामा सञ्चालित शैक्षिक संस्थाहरूको स्तरोन्नति, स्रोत-साधनको उच्चतम उपयोग तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि निरन्तर विद्यालय अनुगमन गरी विद्यालय



दिदम लामा
अध्यक्ष

समायोजन गर्ने कार्यका साथै 'जहाँ विद्यार्थी, त्यहाँ शिक्षकको अवधारणा अनुरूप शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्य भएको छ ।

४०. नसर्ने रोगहरूको रोकथाम, नियन्त्रण तथा शीघ्र पहिचानका लागि समुदाय स्तरमा स्क्रिनिङ कार्यक्रम सम्पन्न भएको छ।

४१. प्रशामक (Palliative) सेवा अन्तर्गत सो सेवा आवश्यक बिरामीहरूलाई घरदैलोमा नै गई स्वास्थ्य परीक्षण, परामर्श, औषधी वितरण तथा उपचार सेवा प्रदान गरिएको छ।

४२. 'घरघरमा हरियो झण्डा, गर्भवतीको हातमा अण्डा' कार्यक्रम सफलतापूर्वक सञ्चालन गरिएको छ।

४३. फ्री-ब्लड ट्रान्सफ्युजन कार्यक्रम अन्तर्गत आकस्मिक रूपमा रगत आवश्यक परेका बिरामीहरूलाई नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा निःशुल्क मानव रगत उपलब्ध गराइएको छ।

४४. ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरूका लागि निःशुल्क भिडियो एक्स-रे सेवा सञ्चालन गरिएको छ।

४५. प्रसूति भएका महिलाहरूलाई अनुदान कार्यक्रम सम्पन्न भएको छ।

४६. प्रसूति भएका त्रिचालीस जना महिलाहरूका लागि निःशुल्क एम्बुलेन्स (फ्री एम्बुलेन्स) कार्यक्रम सम्पन्न भएको छ।

४७. आँखा शिविर सञ्चालन गरी मोतियाबिन्दु लगायतको निःशुल्क शल्यक्रिया सम्पन्न भएको छ।

४८. साँस्कृतिक तथा ऐतिहासिक महत्त्वका भीमसेन जात्रा, कृष्ण जात्रा, त्रिखण्डी जात्रा, गुह्येश्वरी जात्रा, लटारमेश्वर जात्रा, ल्होसार लगायतका धार्मिक र मौलिक साँस्कृतिक पर्व तथा मेलाहरूको सम्वर्द्धन र प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रमहरूको लागि आवश्यक बजेट व्यवस्थापन, समन्वय र सहयोग गरिएको छ।

४९. वडा नं. १ देखि ९ सम्मका ६१ जनालाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण भएको छ।

हिदम लामा
अध्यक्ष



CamScanner

५०. घरेलु हिंसा प्रभावित महिलाहरूका लागि अल्पकालीन आश्रयस्थलसहितको सेवा केन्द्र (सेफ हाउस) सञ्चालन तथा व्यवस्थापन गरिएको छ, जसमा यस आ.व. मा ११ जना प्रभावितहरूलाई सुरक्षा एवं सेवा प्रदान गरिएको छ।

५१. कुरीति तथा सामाजिक विभेदविरुद्ध सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ।

५२. "क" र "ख" वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र लिन आउँदा-जाँदाको यातायात तथा भोजन खर्चबापत ११ जना व्यक्तिहरूलाई प्रतिव्यक्ति रु. ८,००० का दरले प्रदान गरिएको छ।

५३. बाबु-आमाविहीन अनाथ बालबालिका २ जनालाई मासिक रु. २,०००/- का दरले भत्ता रकम उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

५४. मेलमिलाप सम्बन्धी आधारभूत ४८ घण्टे तालिम सम्पन्न गरी २० जनालाई प्रमाणपत्र प्रदान गरिएको छ।

५५. न्यायिक सम्वन्धी ब्रोसर छपाई कार्यक्रम सम्पन्न हुनुका साथै न्यायिक सम्बन्धी पुस्तक खरिद गरी सबै मेलमिलाप केन्द्रमा वितरण गरिएको छ।

५६. न्यायिक समिति, मेलमिलापकर्ता तथा कर्मचारीहरू सम्मिलित भई अन्तरपालिकासँग अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न गरिएको छ।

५७. न्यायिक समितिको कार्यसम्पादनसँग सम्बन्धित डकुमेन्ट्री भिडियो निर्माण कार्य सम्पन्न भएको छ।

## (ग) पूर्वाधार विकास तर्फः -

५८. पन्ध्र शैयाको पृथ्वीचन्द्र अस्पताल भवन निर्माणाधीन अवस्थामा रहेको छ। आगामी आर्थिक वर्षबाटै नवनिर्मित अस्पताल भवनबाट सेवा प्रवाह सुचारु हुने अपेक्षा गरिएको छ।

हदम लामा
अध्यक्ष

५९. भीमफेदी गाउँपालिकाको केन्द्र जोड्ने रणनीतिक सडक कोगटे-धार्के-महाभीर-फाप्लाङ सडकको स्तरोन्नती तथा ट्र्याक खोल्ने कार्य निरनतरता दिएको छ भने आगामी आ.व.०८३।८४ भित्र ट्र्याक खोल्ने कार्य सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

६०. भीमफेदी गाउँपालिका वडा नं. ९ बाघमारा-वर्देउ-सिन्कीखाडल-सोलाभञ्ज्याङ सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भइ स्तरोन्नति कार्य शुरु भएको छ।

६१. भीमफेदी गाउँपालिका वडा नं. ४, वडा नं २ र वडा नं ९ जोड्ने रानीखोला-धामीडाँडा-रानीभञ्ज्याङ रणनीतिक सडक तीव्र गतिमा स्तरोन्नति भइरहेको छ।

६२. बागमती प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको लटारम्भेश्वर महादेव मन्दिर क्षेत्रलाई थप पर्यटकीय आकर्षण तथा प्रवर्द्धन गर्न यस गाउँपालिका वडा नं. ८ इपाको हावाभञ्ज्याङदेखि लटारम्भेश्वरसम्म पदमार्ग निर्माण कार्य शुरु भएको छ।

६३. भीमफेदी गाउँपालिका वडा नं. १ सानुटार-मच्छेवास-किसेडी-घैराङ सडक स्तरोन्नति कार्यलाई निरन्तरता दिइएको छ।

६४. वडा नं. ५ दम्की-सुपिङ-ज्यामिरे-अगौटे-पान्द्राङ सडक स्तरोन्नति कार्यलाई निरन्तरता दिइएको छ।

६५. पालिका भित्रका वस्ती स्तर जोड्ने सडकहरूको स्तरोन्नति कार्य निरन्तर रूपमा भइरहेको छ।

६६. भीमफेदी गाउँपालिका वडा नं २ कालिकाटार-घण्टेखोला सडकको स्तरोन्नती कार्य संघीय सरकार समेतको सहयोगमा भइरहेकोछ।

६७. भीमफेदी गाउँपालिकाको वडा नं. १ को वडा प्रशासकीय भवन ठेक्का सम्झौता भइ निर्माण कार्य भइरहेको छ र साथै वडा नं. ४ को वडा प्रशासकीय भवन निर्माणको अन्तिम चरणमा रहेको छ।

(घ) वातावरण तथा विपद् व्यवस्थापनतर्फः-

हिदम लामा
अध्यक्ष

६८. प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सिर्जित हुने विपद् प्रभावित व्यक्ति/परिवार/संस्थालाई राहत उपलब्ध गराउने सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी लागू गरिएको छ। विपद् व्यवस्थापनसँग सम्बन्धित अन्य कानुनी व्यवस्था तथा औजार-उपकरणहरूको पूर्व तयारी गरिएको छ।

६९. यसै गरी गाउँपालिका क्षेत्र भित्रका सम्भावित विपद् जोखिमयुक्त स्थानहरूमा तटबन्ध निर्माण गर्ने र भू-क्षय हुन सक्ने स्थानहरूमा वृक्षारोपण लगायतका प्रकृतिको संरक्षण गर्ने कार्यहरू गरिएका छन्।

७०. भीमफेदी गाउँपालिका अन्तर्गतका जोखिम क्षेत्रहरु पहिचान गरि विपद जोखिम प्रभावित क्षेत्रमा सचेतनामुलक होर्डिङ्ग बोर्ड राखिएको छ।

## (ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ :-

७१. गाउँपालिकामा रिक्त रहेका विभिन्न सेवा, समूह र उपसमूहका दरबन्दीहरू क्रमशः पदपूर्ति गर्दै लगिएको छ। गाउँपालिकाका पदाधिकारीहरू तथा कार्यरत कर्मचारीहरूको ज्ञान, सीप, क्षमता र दक्षता अभिवृद्धिका लागि विभिन्न किसिमका तालिम र अभिमुखीकरण कार्यक्रमहरूमा सहभागी हुने अवसर प्रदान गरिएको छ। साथै स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को व्यवस्था बमोजिम स्थानीय तहको विभिन्न सेवा, समूह र उपसमूहमा कार्यरत २ जना कर्मचारीहरूको तहवृद्धि गरिएको छ।

७२. गाउँपालिकाबाट हुने भुक्तानी प्रणालीलाई छिटो, सरल, विश्वसनीय र प्रविधिमैत्री बनाउन प्रत्येक आर्थिक कारोबार 'इलेक्ट्रोनिक फण्ड ट्रान्सफर' (EFT) मार्फत गरी ई-गभर्नेन्स (विद्युतीय शासन) को अवधारणालाई आत्मसात गरिएको छ।

७३. सार्वजनिक खरिद प्रक्रियालाई वस्तुनिष्ठ, पारदर्शी र प्रतिस्पर्धी बनाउन E-GP (विद्युतीय खरिद प्रणाली) मार्फत खरिद गर्ने कार्यलाई अवलम्बन गरिएको छ।

हिदम लामा
अध्यक्ष

७४. गाउँपालिकाले चालु आर्थिक वर्षमा रु. ६ करोड ६९ लाख २० हजार आन्तरिक आय सङ्कलन गर्ने प्रक्षेपण गरेकोमा, जसमध्ये ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थको बिक्री मार्फत रु.५ करोड आय सङ्कलन गर्ने लक्ष्य राखिएको थियो। तर रासी खोलाको स्वीकृत IEE क्षेत्रबाट ढुङ्गा गिट्टीको व्यवस्थापनको लागि ठेक्काको प्याकेज नं. २ को दोस्रो पटक सूचना प्रकासन गर्दा समेत ठेक्का व्यवस्थापन हुन नसकेको कारण नदीजन्य पदार्थको बिक्री मार्फत सङ्कलन हुने राजस्व अपेक्षा अनुसार संकलन नहुने देखिन्छ भने यस बाहेकका अन्य क्षेत्रको राजस्व सङ्कलन भने प्रक्षेपित आयको करिब ७० प्रतिशत हुने देखिन्छ।

७५. यसैगरी चालु आ.व. को लागि स्वीकृत वार्षिक बजेट रु. ९६ करोड १९ लाख ७३ हजार ५ सय छत्तिस रुपैयाँ १८ पैसाको हालसम्म चालु खर्चतर्फ ५४.९४ प्रतिशत र पुँजीगत खर्चतर्फ १५.०४ प्रतिशत प्रगति हासिल भएको छ।

७६. सबै वडा कार्यालयहरूमा व्यक्तिगत घटना दर्ताहरूको अभिलेखलाई सुरक्षित र व्यवस्थित गर्नका लागि VPN (Virtual Private Network) प्रणाली लागू गरिएको छ। गत वर्षबाट नै सामाजिक सुरक्षा भत्ता वितरणको लागि EFT प्रणाली पूर्ण रूपमा लागू गरिएको छ।

७७. सबै वडा कार्यालयहरूमा राजस्व मोड्युल (RMIS) प्रणाली कार्यान्वयनमा ल्याइएको छ।

७८. यस आ.व. को अन्तसम्म सबै वडा कार्यालय तथा स्वास्थ्य चौकीहरूमा प्रविधिमा आधारित ई-हाजिरी जडान गर्ने कार्य सम्पन्न हुनेछ।

७९. गाउँपालिकाका कर्मचारी तथा वडा सचिवहरूलाई सूचना प्रविधि सम्वन्धी क्षमता विकास तालिम प्रदान गरिएको छ।

सभाअध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु

हिदम लामा
अध्यक्ष

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय सरकारका विभिन्न विषयगत ऐन, कानून, नियमहरू, संघीय सरकारको सोहौं आवधिक योजना, बागमती प्रदेशको आवधिक योजना, यस भीमफेदी गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना, संघीय तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, नेपाल सरकारले गरेका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरू, संयुक्त राष्ट्रसङ्घको दीगो विकास लक्ष्य (SDG), संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, गाउँपालिकाको गत आ.व. को वार्षिक नीति, बजेट तथा कार्यक्रम, गाउँ कार्यपालिका बैठकका विभिन्न निर्णयहरू, गाउँपालिकाले निर्माण गरेका विभिन्न क़ानुनी व्यवस्थाहरू, निर्वाचनपूर्व जनतासामु घोषणा गरिएका प्रतिबद्धताहरू, गाउँपालिकाबासीको आवश्यकता, माग तथा यस गाउँपालिकाको वास्तविक आर्थिक, भौगोलिक र सामाजिक अवस्था, विश्व अर्थतन्त्रमा देखिएको अनिश्चितता, जेन्जी आन्दोलन, मध्यपूर्वी एसियामा जारी द्वन्द्व, उच्च मूल्यवृद्धि, व्यापार अवरोध, र मनसुनजन्य जलउत्पन्न प्रकोपबाट सिर्जित चुनौती तथा गाउँपालिकाको विशेष प्राथमिकतामा परेका विषयहरूलाई आधार मानी यस भीमफेदी गाउँपालिकाको आ.व. २०८३/८४ को वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा सादर अनुरोध गर्दछु।

सभाध्यक्ष ज्यू,

अब म यस गरिमामय गाउँ सभासमक्ष गाउँपालिकाको आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## (क) आर्थिक विकासतर्फः -

### कृषि तथा पशु सेवा :

१. रैथाने बालीको संरक्षण, प्रवर्द्धन, व्यावसायिक उत्पादन, उपभोग र उत्पादकत्व वृद्धिलाई प्रोत्साहन गरिनेछ।

हिदम लामा
अध्यक्ष

२. आगामी आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादन (GDP) को कृषि क्षेत्रमा यस गाउँपालिकाको उल्लेखनीय योगदान रहने गरी नवप्रवर्तनात्मक नीति, कार्ययोजना, किसान प्रोत्साहन कार्यक्रम, सीप विकास तालिम र अनुदानका कार्यक्रमहरू परिचालन गरिनेछ।

३. कृषि उत्पादनको विविधीकरण तथा औद्योगिकीकरण/प्रशोधनलाई विशेष प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिनेछ।

४. गाउँपालिकाका समग्र जनस्वास्थ्यलाई मध्यनजर गर्दै यस गाउँपालिकाभित्र उत्पादित प्राङ्गारिक तरकारी तथा फलफूलहरूलाई बजारमा विशेष प्राथमिकता दिइनेछ। बाह्य क्षेत्रबाट आयात हुने विषादीयुक्त तरकारी तथा फलफूलहरूलाई कडा निगरानीका साथ निरुत्साहित गर्दै स्थानीय रैथाने उत्पादनलाई बढावा दिइनेछ।

५. गाउँपालिकाको कृषि क्षेत्रको सम्भाव्यता पहिचान गर्दै सुपरजोन, जोन, पकेट र ब्लक जस्ता क्षेत्रमा विशिष्टीकृत वर्गीकरण गरेर समग्र गाउँपालिकाको आर्थिक विकास मजबुत बनाइनेछ।

६. प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

७. सम्भाव्यताका आधारमा तुलनात्मक लाभ भएका वस्तुहरूको पहिचान गरी तरकारी तथा फलफूल पकेट क्षेत्र स्थापना, सामूहिक, करार तथा चक्लाबन्दी खेतीलाई प्रोत्साहन गरिनेछ।

८. कृषकले उत्पादन गरेका कृषि उपजलाई सहज, व्यवस्थित र प्रतिस्पर्धी बजार उपलब्ध गराई उचित मूल्य सुनिश्चित गर्न तथा उपभोक्तालाई गुणस्तरीय कृषि वस्तु उपलब्ध गराउने उद्देश्यले कृषि हाटबजार सञ्चालन गरिनेछ।

९. कृषि उत्पादनको बजार सुनिश्चितताका लागि सरोकारवाला निकायहरूसँग प्रत्यक्ष समन्वय गरिनेछ।

१०. कृषि प्रसार तथा प्राविधिक सेवा प्रवाह गर्न कृषक तालिम, मेला प्रदर्शनी, कृषक दिवस, प्रतियोगिता, IPM कृषक पाठशाला र बाली उपचार शिविर लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

११. कृषि तथा पशुपन्छी तथ्याङ्क प्रविष्ट तथा अद्यावधिक गरी वास्तविक डिजिटल विवरणको आधारमा कृषकहरूको वैज्ञानिक वर्गीकरण गरिनेछ।



हिदम लामा
अध्यक्ष

१२. विषादीको सुरक्षित, जिम्मेवार र न्यूनतम प्रयोगलाई प्रोत्साहन गर्दै स्वस्थ तथा सुरक्षित कृषि प्रणालीको विकास गर्न विषादी सचेतना तथा न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१३. मासु, माछा तथा दुग्धजन्य उत्पादनमा वृद्धिका लागि कृषकको लागत साझेदारीमा प्रोत्साहन अनुदान दिइनेछ, साथै उत्पादनमा आधारित दूधमा प्रदान गरिने प्रोत्साहन अनुदान वितरण कार्यलाई निरन्तरता दिइनेछ। अल्पसङ्ख्यक, एकल महिला, दलित तथा आर्थिक अवस्था कमजोर भएका विपन्न परिवारहरूको जीविकोपार्जन सुधारका निम्ति लक्षित आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ।

१४. पशु सेवा केन्द्रबाट निःशुल्क रूपमा आन्तरिक तथा बाह्य परजीवी विरुद्ध आवश्यकता अनुसार औषधी वितरण गरिनेछ र आधारभूत प्रयोगशालाको सेवा सुचारु गरिनेछ।

१५. निःशुल्क रूपमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराई पशुचौपायाको प्रजनन तथा उत्पादन वृद्धिका निम्ति प्रत्यक्ष टेवा पुऱ्याइनेछ।

१६. प्रजनन तथा नश्ल सुधारका लागि उच्च गुणस्तरका ब्याड बोका तथा राँगो वितरण गरिनेछ।

१७. पशुपालक कृषकहरूका लागि आधुनिक पशुपालन तथा पशुहरूमा देखापर्ने संक्रामक रोग सम्बन्धी सचेतनामूलक तालिम दिइनेछ।

१८. विभिन्न पशुपन्छी जन्य रोग तथा महामारी रोकथाम र नियन्त्रणका लागि खोप तालिका बनाई निःशुल्क खोप कार्यक्रमलाई सञ्चालन गरिनेछ।

१९. उन्नति, विकास र नाफामूलक असल अभ्याससहितको पशुपालन गर्नका लागि कृषकको गोठ तथा खोर सुधार कार्यक्रम अघि बढाइनेछ।

२०. सन्तुलित आहारा व्यवस्थापनको निम्ति उन्नत जातका घाँसका बीउ र बिरुवाहरू वितरण गरिनेछ।

**पर्यटन विकास :**

हिदम लामा
अध्यक्ष



CamScanner

२१. पर्यटन विकासको उच्च सम्भावना रहेका भीमफेदीमा रहेको ऐतिहासिक चिसापानी गढी, भीमसेन मन्दिर र हात्तीसार क्षेत्र, भीमफेदी-४ को गुसेश्वरी गुफा, भीमफेदी-१ मा रहेको प्रसिद्ध धार्मिक स्थल त्रिखण्डेश्वर महादेव मन्दिर र आसपासको क्षेत्र, भीमफेदी-५ स्थित रहेको हात्तीसुँढे क्षेत्र, भीमफेदी-२ मा रहेको उर्ग्येन याइफेल लिङ बौद्ध गुम्बा, मैत्री बगैचा भीमफेदी -९, गुरू रिन्पोछे भीमफेदी-९ क्षेत्रको भौतिक पूर्वाधार विकास गरी पर्यटकीय आगमनको केन्द्रका रूपमा विकास गर्दै लगिनेछ। साथै नयाँ पर्यटकीय स्थल र नयाँ विधाका कार्यक्रमहरू पहिचान गरी आवश्यक पूर्वाधार निर्माणमा सहयोग र समन्वय गरिनेछ।

२२. भीमफेदी-८ स्थित प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलको रूपमा रहेको लटारम्भेश्वर महादेव मन्दिर क्षेत्रको थप भौतिक तथा पर्यटन पूर्वाधार विकास गर्दै लगिनेछ साथै हावाभञ्ज्याङ-लटारम्भेश्वर पदमार्ग निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२३. ऐतिहासिक भीमफेदी बजारलाई पुनर्जागृत गरी सांस्कृतिक धरोहर सहर (Heritage City) का रूपमा अगाडि बढाउन आवश्यक रणनीतिक कार्यक्रम तथा योजनाहरू सञ्चालन गर्न पहल गरिनेछ।

२४. भीमफेदी गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाको सिमानामा पर्ने बुड्दल झरना (जोडी झरना) को पूर्वाधार विकासका लागि सम्वन्धित निकाय तथा समुदायसँग आवश्यक समन्वय र सहकार्य गरी विभिन्न पर्यटकीय गतिविधिहरू सञ्चालन गरिनेछ।

२५. यस गाउँपालिकाको भौगोलिक विशिष्टतायुक्त पर्यटकीय क्षेत्रहरूमा पर्यटन प्रवर्द्धन गर्न निजी क्षेत्रको लगानी आकर्षित गर्दै केवलकार सञ्चालन तथा अन्य साहसिक पर्यटन पूर्वाधारका लागि आवश्यक सहजीकरण गरिनेछ।

२६. गाउँपालिकामा सञ्चालित होमस्टे (सामुदायिक आवास) हरूको प्रवर्द्धन, विकास तथा सञ्चार गर्नका लागि नीजि क्षेत्रहरूलाई प्रोत्साहन गरिनेछ।

२७. महाभारत हाइकिङ ट्र्याक (पदयात्रा) लाई निरन्तरता दिई पर्या-पर्यटन प्रवर्द्धन गरिनेछ।



हिदम लामा
अध्यक्ष

२८. भीमफेदी-५ मा स्थित दमार तथा सुपिडलाई नयाँ पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। साथै सुपिङदेखि हात्तीसुँढेसम्म हाइकिङ रुट तथा पिकनिक स्थल निर्माण गरिनेछ।

२९. भौगोलिक दृष्टिकोणले भीमफेदी गाउँपालिका मौसमको विविधता भएको क्षेत्र हो। यस ठाउँमा बाह्रै महिना मनोरम चिसो हुने सिमभञ्याङ, अघोर र देउराली जस्ता क्षेत्रमा रिसोर्ट, होमस्टे, पौडी पोखरी र झरना जस्ता क्षेत्रलाई पर्यटकीय गन्तव्यको रुपमा विस्तार गरिनेछ।

३०. छिमेकी राष्ट्रहरूबाट आउने विदेशी पर्यटकहरूका लागि व्यवस्थित खानपान, स्तरीय बसाइ, सरसफाइ र आधुनिक सेवा सुविधामा विशेष जोड दिइनेछ।

उद्योग तथा वाणिज्य :-

३१. स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत र सीपको अधिकतम उपयोग गरी उद्यमशीलता विकास, स्वरोजगार सिर्जना तथा गरिबी न्यूनीकरणलाई प्राथमिकतामा राखिनेछ। सङ्घ र स्थानीय तहबीचको सहकार्य र लागत साझेदारीमा लघुउद्यम विकास कार्यक्रम (MEDPA) सञ्चालन गरिनेछ।

३२. लक्षित वर्ग, बेरोजगार युवा तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई लक्षित गरी लघुउद्यम विकास कार्यक्रममा आवद्ध गराई व्यावसायिक बनाइनेछ।

३३. वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई गाउँपालिकाको उत्पादनमूलक तथा उत्पादनशील क्षेत्रमा लगाउन विशेष प्रोत्साहन गरिनेछ।

३४. उद्यमशीलता विकास तथा सीपमूलक तालिम प्रदान गरी नयाँ घरेलु तथा साना उद्योग स्थापना र सञ्चालनमा वित्तीय सहयोग गरिनेछ।

३५. उद्यमीहरूलाई प्रविधि हस्तान्तरण, व्यवसाय परामर्श तथा बजारीकरणमा सहयोग प्रदान गरिनेछ।

३६. स्थापित उद्यमहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा संस्थागत क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

हिदम लामा
अध्यक्ष



CamScanner

३७. कार्यक्रमको दिगोपन सुनिश्चित गर्न लागत साझेदारी तथा सहलगानीको अवधारणालाई प्रोत्साहन गरिनेछ।

३८. भीमफेदी गाउँपालिकाभित्र सञ्चालित व्यावसायीक प्रतिष्ठानहरूलाई करको दायरामा ल्याउन अनिवार्य रूपमा गाउँपालिकामा व्यवसाय दर्ता हुनुपर्ने व्यवस्था गरिनेछ। साथै आगामी आर्थिक वर्षमा पनि गाउँपालिकाको व्यवसाय कर प्रयोजनका लागि दर्ता हुने व्यवसायको दर्ता निःशुल्क गरिनेछ।

३९. परम्परागत सीप र क्षमताको प्रवर्द्धन र विकास गरी तुलनात्मक लाभ प्रदान गर्ने खालका घरेलु उद्यमलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

४०. निजी क्षेत्रलाई प्रोत्साहन तथा आकर्षण गर्न लगानीमैत्री वातावरण सिर्जना गरी सार्वजनिक-निजी साझेदारी (PPP) मोडेलमा काम गर्ने गरी आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरिने नीति लिइनेछ।

सहकारी क्षेत्र :-

४१. सहकारी संस्थाको संस्थागत क्षमता विकास र संस्थागत सुशासन कायम गर्न सम्बन्धित निकायहरूसँगको समन्वय र साझेदारीमा आवश्यक तालिम तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४२. सहकारी व्यवस्थापन तथा नियमनसँग सम्बन्धित आवश्यक नियम, कार्यविधि तथा मापदण्डको निर्माण गरिनेछ।

४३. सहकारी संस्थाहरूको नियमित अनुगमन, नियमन तथा अभिलेख व्यवस्थापन गरी सक्रिय र निष्क्रिय सहकारी संस्थाहरूको वर्गीकरण गरी निष्क्रिय संस्थाहरूलाई खारेजीको प्रक्रियामा लगिनेछ।

४४. सहकारी क्षेत्रलाई पालिकाबासीको आर्थिक सशक्तीकरणको मुख्य साझेदारको रूपमा स्थापित गरिनेछ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा :

४५. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत उत्पादन र उद्यमशिलता मार्फत रोजगारी सिर्जना तथा न्युनतम रोजगारी प्रत्याभुति, सीप विकास,उद्यमशिलता प्रवर्द्धन र पुनःएकीकरण कार्यक्रम संघीय सरकारसँग लागत साझेदारीको निति अवलम्बन गरिनेछ।

४६. वैदेशिक रोजगारीमा जाँदा अनिवार्य रुपमा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति लिनुपर्नेमा उक्त कार्यका लागि गाउँपालिकाको रोजगार,सीप तथा उद्यमशिलता केन्द्रबाट सहजिकरण भईरहेकोमा सेवालाई थप प्रभावकारी बनाउन प्रचार प्रसारको कामलाई तिव्र पारिनेछ।

४७. सुरक्षित आप्रवासन साभी,लघु उद्यम विकास कार्यक्रम मेडपा,गाउँपालिकाका विभिन्न शाखाबाट रोजगारी सिर्जनाका लागि टेवा पुग्ने कार्यक्रमहरु तथा गाउँपालिकाभित्र सञ्चालनमा रहेका श्रम तथा रोजगारमुलक र सिप विकास तालीम कार्यक्रमहरुलाई भीमफेदी गाउँपालिकाको रोजगारी, सीप तथा उद्यमशिलता केन्द्रको संयोजन र समन्वयमा सञ्चालन गरिनेछ।

४८. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरु सञ्चालनमा जोड दिनुका साथै बाध्यात्मक अवस्थामा वैदेशिक रोजगारीमा जानेहरु र तिनका परिवार लक्षित गरी वैदेशिक रोजगारीलाई मर्यादित,व्यवस्थित र गुणस्तरीय बनाउन समुदायस्तरमा सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा,वित्तीय साक्षारता कक्षा र रिटर्नी स्वयंसेवक परिचालन तथा वैदेशिक रोजगारबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारलाई उद्यम स्थापना गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ।

४९. आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

हिदम लामा
अध्यक्ष

५०. वैदेशिक रोजगारीमा गएका कामदार तथा तिनका परिवारलाई वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराईने सेवा/सुविधाहरुका लागि पालिकाको रोजगार,सीप तथा उद्यमशिलता केन्द्रबाट हुँदै आएको सहजिकरण सेवालाई निरन्तरता दिईनेछ।

५१. भीमफेदी गाँउपालिका भित्र स्थायी बसोबास गर्ने अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा रहेका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषको निरन्तरता दिईनेछ आ.व.०८३/८४ मा श्रमिकहरु थप गरी सामाजिक सुरक्षा कोषमा आबद्ध गराईनेछ।

५२. गाउँपालिकाले सामाजिक सुरक्षा योजनामा आवद्ध अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई सहयोगदान रकम जम्मा गर्दै आईरहेको सन्दर्भमा उक्त कार्यक्रमको दिगोपना निरन्तरता तथा भविष्यमा सिर्जना हुने वित्तीय दायित्व व्यवस्थापन गर्न आवश्यक देखिएकोले अनौपचारिक क्षेत्रका श्रमिक सामाजिक सुरक्षा सहयोगदान श्रमिक कोष स्थापना गरिनेछ।

५३. नागरिक स्तरमा स्वरोजगार तथा रोजगारी सिर्जना गर्न सरकार तथा नीजि क्षेत्रसँग साझेदारीमा सीप तथा उद्यमशिलता तालीम अभियान सञ्चालन गरिनेछ।

## (ख) सामाजिक विकासतर्फः -

### शिक्षा, युवा तथा खेलकुद विकास :

५४. प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई समकालीन वर्तमान समाजको माग र अपेक्षा अनुसार सबै विद्यालयलाई क्रमिक रूपमा प्रविधिमैत्री, सिकाइमैत्री, बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, समावेशी तथा स्वच्छ वातावरणमैत्री बनाउँदै गुणस्तरीय, प्रभावकारी, सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी, सीपयुक्त, व्यावहारिक, रोजगारीमूलक र उत्पादनमुखी बनाई देश विकासका विभिन्न क्षेत्रमा आवश्यक पर्ने मानव संसाधन निर्माणको आधारशीलाका रूपमा व्यवस्थित तथा स्थापित गरिने नीति लिइएको छ।

५५. आगामी आ.व. ०८३।०८४ मा भीमफेदी ९ स्थित लेकाली वसिफाँट मा.वि. को लागि बस खरिद कार्य अगाडी बढाईनेछ।

५६. यस गाउँपालिका भित्र शैक्षिक गुणस्तर सुधारका लागि डिजिटल तथा प्रविधि मैत्रि शिक्षण प्रणाली अवलम्वन गरिनेछ।

५७. सबै माध्यमिक विद्यालयहरूमा 'स्मार्टवोर्डसहितको स्मार्ट क्लासरुम' र उच्च गतिको इन्टरनेटसहितको कम्प्युटर ल्याब स्थापना कार्य शुरुवात गरिनेछ। शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउन वालविकास कक्षादेखि माध्यमिक तहसम्मका लागि डिजिटल सामग्रीहरू क्रमिक रूपमा जडान, मर्मत र प्रयोगको सुनिश्चितता गरिनेछ। साथै, शिक्षकहरूका लागि सूचना प्रविधि सम्बन्धी तालिम सञ्चालन गरिनेछ। सबै माध्यमिक विद्यालयहरूमा ई-हाजिरी अनिवार्य रूपमा व्यवस्थापन गरी कार्यान्वयनमा ल्याइनेछ।

५८. नेपाल सरकारको शैक्षिक नीति, ऐन, कानून र मापदण्ड तथा वस्तुगत अध्ययन गरि विद्यालय समायोजन, नामाकरण, तह वृद्धि तथा घटुवा, तथ्याङ्क शुद्धीकरण, शिक्षक दरवन्दी मिलान, सरुवा, काज सरुवा र करारमा शिक्षक छनोट/सिफारिस तथा नियुक्तिका कार्यहरू गरिनेछन्। साथै, कम्तिमा प्रत्येक २/२ वर्षमा तथा आवश्यकता अनुसार शिक्षकलाई पालिका भित्रका विभिन्न विद्यालयहरूमा सरुवा तथा काज सरुवा गरिने नीति लिइनेछ। कार्यसम्पादन करार सम्झौता गरी प्रत्येक ३/३ वर्षमा प्र.अ. को भूमिकामा फेरवदल गर्ने (कायम गर्ने, सुधार गर्ने, हटाउने तथा परिवर्तन गर्ने) नीति लिइएको छ।

५९. निजी तथा संस्थागत विद्यालयलाई गाउँपालिकाको मातहतमा ल्याई नियमन गरिनेछ, शुल्क निर्धारण गरी एकरूपता कायम गरिनेछ। त्यस्ता विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई शिक्षा ऐन-नियम बमोजिम कम्तिमा १० प्रतिशत जेहेन्दार, विपन्न, आर्थिक र सामाजिक रूपले पिछडिएका विद्यार्थीहरूलाई सम्वन्धित वडा कार्यालयको सिफारिसमा सम्बन्धित विद्यालय मार्फत छात्रवृत्तिको व्यवस्था गराइनेछ।

हिदम लामा
अध्यक्ष

६०. भीमफेदीको ऐतिहासिक महत्त्व, पर्यटन, स्थानीय संस्कृति र रैथाने सीपलाई समेटेर कक्षा ५ सम्म निर्माण गरिएको "हाम्रो भीमफेदी" शीर्षकको स्थानीय पाठ्यक्रमलाई परिमार्जन गरिनेछ र यसलाई कक्षा ८ सम्म निर्माण गरी अनिवार्य तथा प्रभावकारी रूपमा लागू गरिनेछ। साथै, स्थानीय पाठ्यक्रमसँग सम्बन्धित भई विज्ञ शिक्षक र सरोकारवालाहरूको सहकार्यमा स्थानीय पाठ्यसामग्री तयार गरी क्रमशः लागू गरिनेछ।

६१. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्न अतिरिक्त शैक्षिक सुधार कार्यक्रम, सिकाइ-केन्द्रित व्यावहारिक तथा बालकेन्द्रित शिक्षण सिकाइ र नियमित विद्यार्थी मूल्याङ्कन, विद्यार्थी उत्प्रेरणा, अभिभावक शिक्षा, शिक्षक तालिम तथा प्रोत्साहन, नियमित विद्यालय अनुगमन र पृष्ठपोषणका कार्यक्रम सञ्चालन गरिनेछ। साथै, प्रारम्भिक बालविकास केन्द्रहरूलाई बालमैत्री मन्टेश्वरी विधिमा आधारित बनाइनेछ।

६२. सबै विद्यालयहरूमा शैक्षिक पहुँच र गुणस्तर अभिवृद्धि गर्न सरसफाइ, स्वच्छ खानेपानी, न्यूनतम शैक्षिक तथा भौतिक पूर्वाधार सुनिश्चित गर्दै निःशुल्क सेनेटरी प्याड, आइरन चक्की वितरण, मनोपरामर्श सेवा, पोषण साक्षरता, छात्रवृत्ति वितरण, निःशुल्क शैक्षिक, खेलकुद र सङ्गीत सामग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

६३. गाउँपालिका स्तरीय र विद्यालय स्तरीय परीक्षालाई मर्यादित, स्तरीय, व्यवस्थित र गुणस्तरीय बनाउनका लागि कक्षा ५ देखि ९ सम्मको सम्पूर्ण परीक्षाको व्यवस्थापन गर्न गाउँपालिकामा गाउँपालिका स्तरीय परीक्षा समिति/बोर्ड गठन गरी सो समितिबाट विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार तथा व्यवस्थापन गरिनेछ।

६४. सुशासन र सूचनाको हक प्रवर्धन गर्न शैक्षिक समीक्षा, बैठक, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन गरी शैक्षिक बुलेटिन तथा प्रतिवेदन प्रकाशन गरिनेछ।

६५. सबै विषयगत दरबन्दी नभएका माध्यमिक विद्यालयहरूमा आवश्यकताको आधारमा गाउँपालिका अनुदानबाट विषयगत दरबन्दीको व्यवस्थापन गरिनेछ। सुत्केरी सट्टा शिक्षक र कम्प्युटर शिक्षकको समेत व्यवस्थापन गरिनेछ। साथै, सामुदायिक विद्यालयमा कार्यरत कार्यालय सहयोगी,



हिदम लामा
अध्यक्ष

CamScanner

लेखापाल र बालविकास सहजकर्ताहरूलाई गाउँपालिकाबाट थप प्रोत्साहन तथा पारिश्रमिकको व्यवस्था गरिनेछ। कार्यसम्पादन र परीक्षाको नतिजाका आधारमा उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरूलाई उचित सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ।

६६. गाउँपालिका भित्रका सबै विद्यालयहरूबीच शैक्षिक अनुभव आदानप्रदान गरिनेछ। साथै, विद्यालय, पालिका, विषयगत शिक्षक र विद्यार्थीहरू बीच समन्वय हुने प्लेटफर्महरू सिर्जना गरिनेछन्। शैक्षिक योजना, विद्यार्थी मूल्याङ्कन योजना, शैक्षिक सुधार योजना, शैक्षणिक योजना, वार्षिक शैक्षिक योजना, विद्यार्थी गृहकार्य डायरी, मूल्याङ्कन पुस्तिका र शिक्षक योजना डायरीको अनिवार्य कार्यान्वयन हुने व्यवस्था गरिनेछ।

६७. प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीहरूलाई स्थानीय स्रोत, कृषि र पर्यटनमा आधारित विशेष सीपमूलक र व्यावसायिक तालिम (जस्तैः होमस्टे व्यवस्थापन, प्लम्बिङ, करेसाबारी व्यवस्थापन, तरकारी खेती, प्राङ्गारिक खेती) प्रदान गरिनेछ। साथै, साधारण धारतर्फका विद्यालयको हकमा, प्रत्येक शुक्रबारलाई किताबरहित दिन (Book Free Day)को रुपमा लागू गर्दै सो दिन अतिरिक्त क्रियाकलाप, खेलकुद, प्रतिभा पहिचान, सीप विकास (सिलाई-कटाई, फेटा/स्यामा बुनाइ, चित्रफुँगा बुनाइ, कृषि कार्य, मोबाइल/कम्प्युटर मर्मत, नैतिक शिक्षा, नाटक प्रदर्शन, क्षमता प्रदर्शन, शैक्षिक सामग्री निर्माण आदि) कार्यक्रम लागू गरिनेछ।

६८. नेपाल सरकारको नीति अनुरूप कक्षा ५ सम्म प्रदान गर्दै आएको दिवा खाजा कार्यक्रमलाई गाउँपालिकाको आन्तरिक स्रोतबाट क्रमशः कक्षा ८ सम्म विस्तार गरी निरन्तरता दिइनेछ, जसले विपन्न र सीमान्तकृत समुदायका बालबालिकाको विद्यालयमा निरन्तरता सुनिश्चित गर्नेछ। साथै, दिवा खाजा कार्यक्रम प्रभावकारी बनाउन दिवा खाजा व्यवस्थापन कार्यविधि अनुसार दिवाखाजा मेनु लागू गर्दै विद्यालयलाई पूर्ण रूपमा पत्रु खाना (Junk Food) निषेधित क्षेत्रका रूपमा स्थापित गरिनेछ। यसका लागि स्थानीय तथा रैथाने कृषि उपजको प्रयोग गरी घरेलु उत्पादनमा आधारित दिवा खाजा ढाँचा (Home Grown School Feeding Approach) अपनाइनेछ।

हिदम लामा
अध्यक्ष

६९. विद्यालयमा अध्ययनरत कक्षा ९-१२ का विद्यार्थीहरूलाई कुलत र दुर्व्यसनबाट बचाउन प्रत्येक माध्यमिक विद्यालयमा 'कुलत र दुर्व्यसन विरुद्ध सचेतना तथा परामर्श क्लब गठन गरी पालिका स्तरीय सञ्जाल सञ्चालन गरिनेछ। उनीहरूलाई शिक्षा, युवा तथा खेलकुद शाखाबाट विभिन्न सचेतनाका कार्यक्रममा समावेश गरी खेलकुद, कला, साहित्य र सिर्जनशील कार्यमा व्यस्त गराइनेछ।

७०. खेलकुदका माध्यमबाट अनुशासन, स्वस्थ शरीर र मस्तिष्क लगायत सर्वाङ्गीण पक्षको विकासका लागि अतिरिक्त क्रियाकलाप र खेलकुद सञ्चालन गरिनेछ। "स्वस्थ र अनुशासित जीवनका लागि खेलकुद" अभियानका साथ विद्यालय तहदेखि नै विभिन्न खेलका प्रतिभाहरू पहिचान गर्न 'राष्ट्रपति रनिङ शिल्ड' लाई थप व्यवस्थित र विधागत रूपमा विस्तार गरिनेछ। उत्कृष्ट खेलाडीहरूका लागि विशेष प्रशिक्षणको व्यवस्था गरिनेछ।

७१. गाउँपालिकाको नाम अन्तर्राष्ट्रिय, राष्ट्रिय वा प्रदेश स्तरमा खेलमा सहभागी भई पदक जितेर गाउँपालिकाको नाम रोशन गर्ने खेलाडीलाई वार्षिक रूपमा नगदसहित 'भीमफेदी खेलकुद सम्मान' प्रदान गरिनेछ। साथै स्थानीय स्तरीय, जिल्ला स्तरीय र राष्ट्रिय स्तरको खेलकुदमा सहभागिताको व्यवस्था गरिनेछ।

स्वास्थ्य सेवा :-

७२. पन्ध्र शैयाको आधारभूत अस्पतालको निर्माण कार्य द्रुत गतिमा सम्पन्न गरिनेछ।

७३. आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी र निःशुल्क बनाइनेछ।

७४. नियमित खोप कार्यक्रमलाई सुदृढीकरण गर्दै बालबालिकाको खोप प्राप्त गर्ने नैसर्गिक अधिकारलाई पूर्ण सुनिश्चित गरिनेछ।

७५. नेपाल सरकारबाट निःशुल्क वितरणका लागि सूचीकृत तथा स्थानीय तहबाट खरिद गरिने औषधी एवं औषधीजन्य सामग्रीहरूको प्रचुर उपलब्धता सुनिश्चित गरिनेछ। साथै संघीय सरकार

हिदम लामा
अध्यक्ष

र प्रदेश सरकारबाट प्राप्त गर्नुपर्ने जीवन रक्षक औषधी तथा औषधीजन्य सामग्रीहरू समयमै प्राप्त गर्नका लागि जनस्वास्थ्य कार्यालय मार्फत निरन्तर समन्वय र सहकार्य गरिनेछ।

७६. प्रशामक (Palliative) सेवा कार्यक्रम मार्फत प्राणघातक दीर्घरोगीहरूको जीवन सहजीकरणका लागि अत्यावश्यक औषधी तथा सामग्री सहित घरदैलोमा नै विशिष्टीकृत स्वास्थ्य सेवा प्रदान गरिनेछ।

७७. विपन्न नागरिक उपचार सहायता आकस्मिक कोषको व्यवस्था गरी प्रभावकारी रूपमा परिचालन गरिनेछ।

७८. समुदायमा देखिएको नसर्ने रोगहरूको प्रकोपलाई मध्यनजर गर्दै सो सम्बन्धी सामुदायिक सचेतना, स्क्रिनिङ तथा निदान कार्यक्रम सञ्चालनका लागि विशेष योजना तय गरिनेछ।

७९. 'आमा सुरक्षा कार्यक्रम' अन्तर्गत गर्भवती पोषणका लागि गर्भवती महिलाहरूलाई पौष्टिक आहार तथा अण्डा वितरण, संस्थागत प्रसूतिका लागि निःशुल्क एम्बुलेन्स सेवा तथा संस्थागत सुत्केरीहरूलाई प्रोत्साहन स्वरूप नगद अनुदान कार्यक्रम मार्फत आमा सुरक्षा योजनालाई अझ सुदृढ गरिनेछ।

८०. 'फ्री ब्लड ट्रान्सफ्युजन' कार्यक्रम सञ्चालन गरी आकस्मिक रूपमा रगत आवश्यक पर्ने गाउँपालिकावासी बिरामीहरूलाई निःशुल्क रूपमा मानव रगतको व्यवस्था मिलाइनेछ।

८१. स्वस्थ र सचेत नागरिक निर्माणका लागि आवश्यक स्वास्थ्य सचेतनामूलक सञ्चार कार्यक्रमहरू तथा स्वास्थ्य सन्देशहरू व्यापक रूपमा प्रवाह गरिनेछ।

८२. स्वास्थ्य बीमा कार्यक्रमलाई बढावा दिँदै स्वास्थ्य सेवामा सबैको सर्वव्यापी पहुँच (Universal Health Coverage) सुनिश्चितताका लागि आवश्यक कार्य गरिनेछ।

**खानेपानी तथा सरसफाइ :-**

हिदम लामा
अध्यक्ष

८३. सम्पूर्ण गाउँपालिकाबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने कार्यलाई विशेष प्राथमिकता दिइनेछ। सोका लागि आवश्यकता र सम्भाव्यताका आधारमा ठूला, मझौला र साना खानेपानी आयोजना सञ्चालन गरिनेछ।

८४. खानेपानीको समस्या रहेका विभिन्न क्षेत्रहरूमा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा खानेपानी आयोजना सम्पन्न गर्न आवश्यक व्यवस्था गरिनेछ।

८५. खानेपानीको मुहान संरक्षण तथा खानेपानीको आवश्यक मर्मत-सम्भारको लागि आवश्यक बजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। निर्माणाधीन खानेपानी आयोजना निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ।

८६. वातावरणीय स्वच्छता तथा फोहरमैला व्यवस्थापन कार्यलाई व्यवस्थित गरिनेछ।

**संस्कृति प्रवर्द्धन र सम्पदा संरक्षण :-**

८७. परम्परागत सीप, सामाजिक मूल्य-मान्यता, रीतिरिवाज र प्रथा जन्य चाडपर्वहरूलाई समय सापेक्ष परिमार्जन गर्दै संरक्षण गरिनेछ। गाउँपालिकामा रहेका बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहु-साँस्कृतिक मूल्य-मान्यतालाई संरक्षण र प्रवर्द्धन गरिनेछ।

८८. धार्मिक आस्था र मान्यता अनुरूपका मठमन्दिर, गुम्बा तथा चर्चहरूको निर्माण, मर्मत तथा संरक्षणमा ययोचित लगानी गरिनेछ।

८९. साँस्कृतिक तथा ऐतिहासिक महत्त्वका भीमसेन जात्रा, कृष्ण जात्रा, त्रिखण्डी जात्रा, लटारम्भेश्वर महादेव मेला, ल्होसार लगायतका धार्मिक र मौलिक साँस्कृतिक पर्व तथा मेलाहरूको सम्बर्द्धन र प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रमहरूका लागि आवश्यक समन्वय र सहयोगलाई निरन्तरता दिइनेछ।

९०. कला, साहित्य मार्फत राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान पुर्‍याउनुहुने महानुभावहरूलाई ययोचित सम्मान गरिनेछ।

हिदम लामा
अध्यक्ष

९१. भीमफेदी गाउँपालिका अन्तर्गत पर्ने भीमफेदी बजार, भैंसे, निबुवाटार लगायतका क्षेत्रमा रहेका पुरातात्विक सम्पदा तथा धरोहरहरूको वैज्ञानिक अध्ययन गरी सूचीकृत गरिनेछ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :-

९२. विभेद, वञ्चितीकरण तथा बहिष्करणमा परेका वर्ग तथा समुदायको शासन, विकास र सेवा प्रवाहमा सार्थक सहभागिता सुनिश्चित गरी अपनत्व प्रदान गरिनेछ।

९३. भीमफेदी गाउँपालिकालाई सहयोगापेक्षी सडक मानवमुक्त, पूर्ण खोपयुक्त र वातावरणमैत्री गाउँपालिका बनाउने नीति लिइनेछ। ज्येष्ठ नागरिकको सुरक्षा र सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

९४. गाउँपालिकाले गाउँपालिका अन्तर्गतका दलित, सामाजिक र आर्थिक रूपले पछाडि परेका समुदायहरूलाई संरक्षण गर्दै विकासको मूलधारमा ल्याउने नीति लिईनेछ ।

९५. यस भीमफेदी गाउँपालिका अन्तर्गत अन्तरजातीय विवाह गर्नेहरूलाई सम्मान गरिनेछ ।

९६. अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्रहरूसँगको समन्वयमा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गता परीक्षण, सहायक सामग्री नापजाँच तथा वितरण गर्नुका साथै अपाङ्गता भएका बालबालिकाको उपचार सेवा तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९७. भीमफेदी गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्नका लागि तयार गरिएको कार्ययोजना बमोजिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९८. द्वन्द्व प्रभावित, लैङ्गिक हिंसा, सामाजिक विभेद तथा विभिन्न कारणले वञ्चितीकरणमा परेका व्यक्तिहरूका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गर्नुपनेछ।

९९. यस गाउँपालिकामा बसोवास गर्ने अति सीमान्तकृत विपन्न चेपाङ समुदायको हित र उन्नतिका लागि विभिन्न आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

हिदम लामा
अध्यक्ष



CamScanner

१००. अव्यवस्थित बसोबासी, भूमिहीन दलित र सुकुम्बासीहरूलाई गाउँपालिकाद्वारा सङ्कलित फारमहरूको विवरणका आधारमा तयार पारिएको निस्सा वडा नं. ५ मा वितरण भैसकेको छ। अन्य वडाहरुमा निस्सा तयारी अवस्थामा रहेको र आयोगले कार्यसुची गर्ने परिपत्र हुनासाथ वितरण गरिनेछ।

स्थानीय न्यायिक कार्यसम्पादन :-

१०१. कानून सम्बन्धी घुम्ती शिविर तथा कानून सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१०२. वडा-वडामा मेलमिलापकर्ताहरूसँग कानून सम्बन्धी अभिमुखीकरण तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ।

१०३. न्यायमा नागरिकको सहज पहुँच सुनिश्चित गरिनेछ।

१०४. मेलमिलाप मार्फत विवाद समाधानलाई प्राथमिकता दिइनेछ।

१०५. न्यायिक समिति तथा मेलमिलापकर्ताहरूको क्षमता विकास गरिनेछ।

## (ग) पूर्वाधार विकासतर्फः -

१०६. गाउँपालिकाको केन्द्रदेखि वडा कार्यालयसम्म जोड्ने सडकलाई क्रमशः कालोपत्र वा स्ल्याब ढलान गरिनेछ। त्यसैगरी वडाका मुख्य सडकहरूको पनि स्ल्याब ढलान गर्दै लगिनेछ। सडकलाई आर्थिक विकासको कार्यसँग सामञ्जस्य गरिनेछ। सडकमा परेका जग्गाहरूको लगत कट्टा गरी सडक नक्साङ्कन कार्यको सुरुवात गरिनेछ।

१०७. रणनीतिक महत्त्वका निर्माणाधीन सडकहरूको निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।

१०८. गाउँपालिका स्तरीय यातायात गुरुयोजना यथाशीघ्र सम्पन्न गरी व्यवस्थित, सुरक्षित र वातावरणमैत्री घर तथा सडक निर्माणलाई अभियानका रूपमा सञ्चालन गरिनेछ।

१०९. लेकपान्द्रङ-चिलाउने सडक स्तरोन्नती कार्य यसै आर्थिक वर्षबाट शुरु गरिनेछ।



हिदम लामा
अध्यक्ष

११०. सडक सञ्जाल नपुगेको वस्ती स्तरमा सडक सेवा विस्तार गरिनेछ। हालसम्म निर्माण सम्पन्न भएका सडकहरूको क्रमशः स्तरोन्नति गर्दै दिगो र बाहै महिना सञ्चालन हुने किसिमको बनाइनेछ।

१११. भीमफेदी बजार क्षेत्रका मुख्य तथा भित्री सडकहरूलाई ढलको व्यवस्थापनसहित कालोपत्र वा स्ल्याब ढलान गरी सौन्दर्यीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११२. आफ्नै स्वामित्वको भवन नभएका वडा कार्यालयहरूका लागि क्रमशः जग्गा प्राप्त गरी भवन निर्माण गरिनेछ। वडा नं. १ को कार्यालय भवन निर्माण आगामी आ.व. भित्र सम्पन्न गरिनेछ भने वडा नं. ३ को कार्यालय भवन निर्माण तथा व्यवस्थापन गरिनेछ। वडा नं. ४ को वडा कार्यालय भवन निर्माण सम्पन्न गरिनेछ।

११३. ग्रामीण विद्युतीकरण कार्यको स्तरोन्नति गरी भोल्टेज सुधारसहित सुरक्षित विद्युतीकरणको कार्य गरिनेछ।

११४. गाउँपालिका भित्रका आवश्यक स्थानका काठका पुल विस्थापन गर्दै झोलुङ्गे पुल निर्माण गरिनेछ। साथै ठूला वस्ती तथा स्थानहरूमा पक्की फलामे पुल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

११५. ईपा वृहत सिंचाई आयोजनाको वितरण नाला निर्माण समेतको कार्य आगामी आ.व. ०८३/८४ भित्र सम्पन्न गर्न आवश्यक श्रोत तथा वजेट प्रस्ताव गरिएको छ साथै सिंचाइ सुविधा नपुगेका स्थानका लागि प्राथमिकता दिई सिंचाइ आयोजना सञ्चालन गरिनेछ। मर्मत-सम्भार गर्नुपर्ने र सुधार गर्न आवश्यक सिंचाइ कुलो निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिनेछ। तरकारी उत्पादनको उच्च सम्भावना भएको वडा नं. २ को घण्टेखोलामा आगामी आ.व. भित्र व्यवस्थित सिंचाइ सुविधा उपलब्ध गराइनेछ।

११६. दूरसञ्चार सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरी भीमफेदी-९ वर्देउ, सिन्कीखाडल, भीमफेदी-१ सालघारी तथा भीमफेदी-७ कोगटे लगायत वडा नं. २ घण्टेखोलामा सञ्चारको पहुँच नभएका तथा नेटवर्क कमजोर भएका क्षेत्रमा टेलिफोन नेटवर्क र इन्टरनेट सेवा विस्तार गरिनेछ।



हिदम लामा
अध्यक्ष

११७. सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत गाउँपालिकाभित्र रहेका सम्पूर्ण खरको छाना भएका घरहरूलाई विस्थापन गर्ने कार्यलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ।

११८. सडक तथा घरहरूको मापदण्ड तयार गरी सुरक्षित सडक तथा घर निर्माण गर्ने गरी सडक तथा घर नक्सापासको मापदण्ड/कार्यविधि तयार गरी आगामी आ.व. देखि कार्यान्वयन गरिनेछ।

११९. प्राकृतिक स्रोत तथा खानीको समन्यायिक उपयोगका लागि गाउँपालिकाको क्षेत्रभित्र रहेका खानी तथा खनिज पदार्थको सम्भावित क्षेत्रको पहिचान गरी लगत सङ्कलन गरी लगानी मैत्री वातावरणका लागि सहजीकरण गरिनेछ।

१२०. सङ्घ र प्रदेश सरकारद्वारा यस गाउँपालिकाभित्र सञ्चालनका लागि विनियोजित कार्यक्रम तथा आयोजनाहरू दोहोरोपना हुन नदिन आवश्यक समन्वय र सहजीकरण गरिनेछ।

## (घ) वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फः -

१२१. गाउँपालिका क्षेत्रभित्र हुन सक्ने सम्भावित विपद् जोखिम क्षेत्रको पहिचान तथा नक्साङ्कन गरिनेछ। विपद्को समयमा तत्काल उद्धार, राहत वितरण, पुनर्स्थापना तथा पुनर्निर्माण सम्बन्धी कार्यलाई प्रभावकारी बनाइनेछ।

१२२. विगत दुई दशकभन्दा बढी अवधिदेखि बन्द अवस्थामा रहेको हेटौंडा-धोर्सिङ-काठमाडौं रोपवे हाल जीर्ण अवस्थामा रहेको र उक्त रोपवेका पुराना तार र पार्टपुर्जाका कारण जुनसुकै समयमा भयानक दुर्घटना निम्तिन सक्ने अवस्था रहेको हुँदा संघीय र प्रदेश सरकारलाई यथाशीघ्र आवश्यक व्यवस्थापन गर्न पहल तथा अनुरोध गरिनेछ।

१२३. सम्भावित विपद् जोखिमको पूर्वसतर्कता र पूर्वतयारी सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। मनसुनजन्य तथा जलउत्पन्न प्रकोपबाट हुने क्षतिलाई कम गर्न नदी नियन्त्रण तथा बस्ती बचाउ कार्यक्रमलाई प्राथमिकता दिइनेछ।



हिदम लामा
अध्यक्ष

CamScanner

१२४. गाउँपालिका भित्रका सबै प्राकृतिक क्षेत्रहरूको अभिलेख राखिनेछ। सामुदायिक वनलाई थप जिम्मेवार बनाउन सम्बन्धित निकाय र समूहसँग सहकार्य गरिनेछ।

१२५. वन डढेलो नियन्त्रणका लागि गाउँपालिका र सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल (फेकोफन) संग साझेदारी गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१२६. जैविक विविधतायुक्त यस गाउँपालिकाको वन क्षेत्रको संरक्षण, विकास तथा बहुउपयोग गर्ने नीति लिइनेछ।

१२७. गाउँपालिका भित्रको फोहोरमैला व्यवस्थापन गर्न उपयुक्त नीति तथा कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१२८. विपद् व्यवस्थापन समितिलाई प्रभावकारी ढङ्गबाट कार्य अघि बढाउनका लागि यस सम्वन्धी पदाधिकारी, कर्मचारी, वडास्तरीय विपद् व्यवस्थापन समिति लगायतको टिमलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।

१२९. गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट थप गरी न्यायोचित परिचालन गरिनेछ।

## (ङ) सुशासन तथा संस्थागत विकासतर्फः -

१३०. गाउँपालिकामा रिक्त रहेका दरवन्दीको क्रमशः पदपूर्ति गर्दै लगिनेछ। गाउँपालिकामा कार्यरत कर्मचारीको कार्यक्षमता र कार्यकुशलतामा वृद्धि गर्न आवश्यक तालिम तथा गोष्ठीको व्यवस्था गरी कर्मचारी प्रशासनलाई सवलीकरण गरिनेछ। सेवानिवृत्त राष्ट्रसेवक कर्मचारीहरूको ज्ञान, सीप र अनुभवलाई उपयोगमा ल्याइनेछ।

१३१. गाउँपालिका अन्तर्गतका स्थानीय सेवामा कार्यरत सबै कर्मचारीहरूको हितको लागि कर्मचारी कल्याण कोष स्थापना गरिनेछ ।

१३२. गाउँपालिकाबाट उपलब्ध गराइने सेवा प्रवाहलाई थप सरल, सहज, गुणात्मक र विश्वसनीय बनाइनेछ।



हिदम लामा
अध्यक्ष

१३३. कर्मचारीहरूको कार्यसम्पादनको आधारमा उत्कृष्ट कर्मचारीलाई सम्मान र पुरस्कार वितरण गरिनेछ। कर्मचारीहरूलाई मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन उपलब्ध गराई कार्यालयको कामप्रति थप जिम्मेवार बनाइनेछ।

१३४. पदाधिकारी र कर्मचारीहरूका लागि असल अभ्यास अनुसरण तथा अवलम्बन अध्ययन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

१३५. पदाधिकारी तथा कर्मचारीहरू बीचमा मैत्रीपूर्ण खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ।

१३६. सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाह गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१३७. गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्ने विभिन्न सम्भाव्य स्रोतहरूको खोजी र वैज्ञानिक तथा व्यवस्थित प्रयोग गरिनेछ। आन्तरिक आयको दर र दायरामा समसामयिक परिमार्जन गर्दै राजस्व सङ्कलनमा वृद्धि गरिनेछ।

१३८. नवीनतम् प्रविधिको प्रयोग गरी राजस्वको सङ्कलनलाई थप व्यवस्थित र पारदर्शी बनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयबाट एकीकृत सफ्टवेयर प्रणाली मार्फत राजस्व सङ्कलन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१३९. भित्ते नागरिक वडापत्रलाई डिजिटल नागरिक वडापत्रले क्रमशः विस्थापित गर्दै सेवाग्राही मैत्री सार्वजनिक सेवा प्रवाह सञ्चालनका लागि आवश्यक कार्य गरिनेछ।

१४०. टोल विकास संस्थाहरूलाई थप व्यवस्थित, संस्थागत र जिम्मेवार बनाउने नीति लिईनेछ।

१४१. गाउँपालिकाका सम्पूर्ण प्रशासनिक कार्यलाई क्रमशः डिजिटल (डिजिटलाइज्ड) प्रणालीमा आवद्ध गरिनेछ।

१४२. विद्युतीय शासन (E-Governance) प्रणालीको विकास तथा विस्तार गरिनेछ।

१४३. कार्यालयका सबै शाखामा इन्टरनेट तथा नेटवर्क पूर्वाधारको सुदृढीकरण गरिनेछ।

१४४. नागरिकलाई अनलाइन सेवा उपलब्ध गराउन आवश्यक सफ्टवेयर तथा डिजिटल पोर्टलको विकास गरिनेछ।

हिदम लामा
अध्यक्ष

१४५. सूचना प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ र साइबर सुरक्षा तथा डाटा (तथ्याङ्क) सुरक्षालाई प्राथमिकता दिइनेछ।

१४६. डिजिटल अभिलेखीकरण (Digital Archiving) प्रणाली लागू गरिनेछ।

१४७. विद्यालय तथा सामुदायिक संस्थाहरूमा ICT (सूचना तथा सञ्चार प्रविधि) शिक्षाको प्रवर्द्धन गरिनेछ।

१४८. सूचनाको पहुँचलाई विस्तार तथा प्रोत्साहन गरिनेछ।

सभाध्यक्ष ज्यू,

सभाका सदस्यज्यूहरू,

उल्लेखित नीति तथा कार्यक्रमको आधारमा आगामी आ.व. २०८३/०८४ को लागि बनेको वार्षिक आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयन पश्चात गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रहरू आर्थिक, भौतिक, सामाजिक तथा साँस्कृतिक, वातावरणीय लगायत समग्र पक्षमा गुणात्मक सुधार आई गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेको अपेक्षित उपलब्धि हासिल गर्न मार्गप्रशस्त हुनेछ। प्राकृतिक स्रोत, आधुनिक कृषि, पर्या-पर्यटन र दिगो पूर्वाधारको विकास र उत्थानशीलता मार्फत गाउँपालिका सबल, सक्षम, आत्मनिर्भर र समृद्धिको बाटोतर्फ दृढतापूर्वक उन्मुख हुनेछ। सामाजिक न्याय कायम भई समतामूलक समावेशी समाज निर्माणको आधार तयार भएको हुनेछ।

अन्त्यमा,

भीमफेदी गाउँपालिकाको सर्वाङ्गीण विकास, सुशासन र समृद्धिका लागि अमूल्य योगदान गर्नुहुने सम्पूर्ण राजनीतिक दलका जनप्रतिनिधिज्यूहरू, राष्ट्रसेवक कर्मचारी, आदरणीय शिक्षक, प्रवुद्ध बुद्धिजीवी, दातृ निकाय, समर्पित श्रमिक, निजी क्षेत्र, वित्तीय सङ्घसंस्था, सहकारी, सामुदायिक क्षेत्र, नागरिक समाज, सरकारी



हिदम लामा
अध्यक्ष

तथा गैरसरकारी सङ्घ संस्था, सञ्चार जगत्, शासन साझेदार र आम भीमफेदीवासी लगायत गाउँपालिकाका सम्पूर्ण शुभचिन्तक महानुभावहरूमा हार्दिक कृतज्ञताका साथ धन्यवाद ज्ञापन गर्दछु। साथै, सम्भावित मनसुनजन्य प्रकोपबाट हुन सक्ने जोखिमलाई मध्यनजर गरी पूर्वसतर्कता तथा सुरक्षात्मक उपायहरू अपनाउन सम्पूर्ण भीमफेदी गाउँपालिकाबासीहरूमा हार्दिक अपिल गर्दै आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमको प्रस्तुति यही विसर्जन गर्न चाहन्छु।

धन्यवाद।।।

हिदम लामा
अध्यक्ष



CamScanner